नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**

फोन : ०१ ५५२८८६३
फ्याक्स :५५३५५१५
५५२८४२३

अत्यन्त जरुरी

पत्र संख्या: आ.प्र.२०७४/०७५
च.नं.: २५१

मिति :२०७४/०४/३२

विषयः- बक्यौता लेखापरीक्षण सम्बन्धमा ।

श्री सडक विभाग (योजना तथा डिजाइन/पुल/संभार/यान्त्रिक/बैदेशिक महाशाखा),
श्री क्षेत्रीय सडक निर्देशनालयहरु(सबै),
श्री उत्तर दक्षिण/ब्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय,
श्री आयोजना निर्देशनालय(ए.डि.बी.),
श्री सडक सुधार आयोजना(पि.सि.यु),
श्री हुलाकी राजमार्ग आयोजना निर्देशनालय,
श्री डिभिजन सडक कार्यालयहरु(सबै),
श्री हेभी ईक्विप्मेन्ट डिभिजन/यान्त्रिक कार्यालयहरु(सबै),
श्री योजना/आयोजना कार्यालयहरु(सबै) ।

प्रस्तुत विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, आर्थिक प्रशासन शाखाको प.सं. आ.प्र. ४/३/२०७४/७५ च.नं. २१ मितिः २०७४/०४/०८ को पत्रबाट "मितिः २०७४/०३/३० मा श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको समितिको बैठकबाट आफ्नो मन्त्राय वा संबद्ध निकायमा लेखापरीक्षण बक्यौता रहेको भए २०७४ आश्विन मसान्त भित्र लेखापरीक्षण सम्पन्न गराइ सक्न ध्यानाकर्षण गराउने भन्ने निर्णय भएकोले निर्णय अनुसारको ब्यवस्था मिलाउनु हुन सादर अनुरोध गर्दछु भनी बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको प.सं. २०७३/७४ च.नं. २५८ मितिः २०७४/०३/३० को पत्रबाट लेखि आएकोले तहाँ र अन्तर्गतका निकायमा समेत लेखापरीक्षण बक्यौता रहेको भए उल्लिखित समय सिमा भित्र लेखापरीक्षण सम्पन्न गराउनु हुन निर्देशानुसार अनुरोध गर्दछु" भनी पत्राचार भएको छ ।

तसर्थ मन्त्रालयबाट लेखि आए अनुसार आफ्नो र आफ्नो मातहतको निकायहरुको मितिः २०७४ आश्विन मसान्त भित्र लेखापरीक्षण सम्पन्न गरी/गराई यस विभागमा जानकारी गराउने ब्यवस्था मिलाउनु हुन अनुरोध गर्दछु ।

गोपाल प्रसाद सिग्देल
(महानिर्देशक)

**बोधार्थः**
१. श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौं ।